नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/८१ चलानी नं.:- २८

मितिः- २०८०/०४/१७

विषयः- जानकारी सम्वन्धमा।

श्री स्थानीय तह (सवै)।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. २६ मिति २०८०/०४/१५ को मेडपा कार्यक्रम कार्यान्वयन सम्वन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं. [illegible]
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा)

सिंहदरवार, काठमाडौं नेपाल


प.सं. (औ प्र-२०८०।८१)
च.नं. २६

मिति २०८०/०४/१५

बिषयः मेडपा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

श्री गाँउ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

प्रस्तुत सम्बन्धमा आ.व. २०७७/७८ देखि सबै स्थानीय तहहरुमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) शसर्त अनुदानमा बजेट विनियोजन भई कार्यान्वयन भईरहेको व्यहोरा विदितै छ । उक्त कार्यक्रमको प्रभावकारिताको कारण यस चालु आ. व. २०८०/८१ मा पनि कार्यक्रम सञ्चालनको लागि सबै स्थानीय तहमा सशर्त अनुदानमा बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइएकोमा विद्यमान आर्थिक अवस्था कारण यस आ.व. मा स्थानीय तहमा पठाइएको शसर्त बजेट न्यून रहेको छ ।

देशको आर्थिक अवस्थालाई उकास्न रोजगारी तथा स्वरोजगारीका अवसरहरु श्रृजना मार्फत गरिबी निवारण गर्नका लागि स्थानीयस्तरमा रहेको श्रोत साधनको सदुपयोग गर्ने गरी उद्यमशीलताका माध्यमबाट लघु उद्यमको विकास गर्नु आवश्यक छ । यसका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको छ ।

यस कार्यक्रमले रोजगारी तथा स्वरोजगारी श्रृजना तथा गरिबी निवारणमा महत्वपूर्ण भूमिका खेलिरहेको हुँदा तहाँ स्थानीय तहले समेत यस कार्यक्रमको स्वामित्व ग्रहण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ६४ मा लागत सहभागिता (कस्ट सेयरिङ) लाई प्राथमिकता दिने भन्ने शिर्षकमा लघु उद्यम विकास अभियानलाई आत्मनिर्भर बनाउन स्थानीय तहले लागत सहभागितालाई प्राथमिकता दिई कार्यक्रम संचालनमा क्रमशः लागत बेहोर्दै जाने नीति अवलम्वन गर्नुपर्नेछ भन्ने व्यवस्था समेत रहेकोले सम्भव भएसम्म लागत साझेदारीमा बजेट व्यवस्था गरी यस कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था हुन यस मन्त्रालय ( मा. मन्त्रिस्तर) को मिति २०८०/४/१४ को निर्णयानुसार अनुरोध छ ।

(त्रिशान श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार: स्थानीय तहहरुलाई अनलाइन पोर्टल मार्फत पत्राचार गरिदिन हुन ।